# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सुनवल नगरपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सुनवल नगरपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र २९ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय (लुम्बिनी प्रदेश)**

पत्र संख्याः २०७९।२०
च.नं. १२७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
सुनवल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी (पश्चिम) ।

**कैफियत सहितको राय**

हामीले सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ८८ लाख ४८ हजार बेरुजू देखिएको छ।सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई सोमध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू.६१ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८४ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.८७ लाख ९९ हजार र पेश्की रू.५४ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.२४ करोड ३१ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ८५ लाख ५७ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नायब महालेखापरीक्षक

सुनवल नगरपालिका, नवलपरासी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | १८२ | ४८८४८ | ० | ० | ० | ३३ | १८२ | ४८८४८ | ६११४ | ८७९९ | २८४६५ | ० | ० | ३७२६४ | ५४७० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनवल नगरपालिका नवलपरासी | २४३१७१ | ० | ३३४६२ | २०९७०९ | ० | ४८८४८ | २५८५५७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सुनवल नगरपालिका, नवलपरासी , सुनवाल नगरपालिका , नवलपरासी पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्तिराम मरासिनी | २०७९-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बृहस्पती घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४८,८४८,५७२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४४,०१,३८,३४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६४,८८,२०,३१७ | **चालु खर्च** | ६३,१४,८३,५४४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,०१,९६,५२८ | **पूँजीगत खर्च** | ४१,९५,३८,४४७ |
| **राजश्व बाँडफाँट** | १६,८४,०८,०२१ | **वित्तीय/अन्य व्यवस्था** | १,४०,५९,१५६ |
| **आन्तरिक आय** | ५,६१,१८,९८३ | | |
| **अन्य आय** | ६,४१,५२,३७० | | |
| **कुल आय** | ९६,७६,९६,२१९ | **कुल खर्च** | १,०६,५०,८१,१४७ |
| **बाँकी मौज्दात** | | ३४,२७,५३,४१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br><br>उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन तथा लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर कार्यालयका पदाधिकारीहरुसँग मिति २०७९।०९। मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनवल नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सुनवल नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, १३९.१० वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने यस पालिकाको जनसंख्या ७२ हजार ६ सय २१ रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br><br>लेखापरीक्षणको क्रममा धान्यान्चल माध्यमिक विद्यालयको भवन तथा क्यान्टिन निर्माण कार्यको लागि दिएको अनुदानको कार्य स्वीकार भन्दा वढी निकासा भएको रकम रु.७७७९२५। एउटै समयमा दोहोरो पर्ने गरी प्राविधिक कर्मचारीलाई भुक्तानी भएको फिल्ड भत्ता रु.९०७२०। र पारिश्रमिक कर कट्टि नभएको रु.१८९५२। गरी कुल जम्मा रु.८८७५९७। असूल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको प्रमाण पेश भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **स्थानीय सञ्चित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस सुनवल नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,००१,५४६,८९६.६८ | ७३८,०२८,७१०.४९ | | ७३८,०२८,७१०.४९ | ९९२,९७७,४३६.६७ | | ९९२,९७७,४३६.६७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९७०,५२७,३४५.०० | ६८९,२७८,९६४.९९ | ० | ६८९,२७८,९६४.९९ | ९६२,१८२,६०७.२५ | ० | ९६२,१८२,६०७.२५ |
| ११००० कर | ११ | २४५,९८५,३४५.०० | १९३,६९७,२२३.६३ | ० | १९३,६९७,२२३.६३ | २०९,८३०,६२१.६० | ० | २०९,८३०,६२१.६० |
| १३००० अनुदान | | ५६७,१४२,०००.०० | ४६४,३७३,४९६.२४ | ० | ४६४,३७३,४९६.२४ | ६६९,८१३,६९३.६३ | ० | ६६९,८१३,६९३.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकार | १२ | ५०४,८८७,०००.०० | ४१९,१५२,८०७.५१ | ० | ४१९,१५२,८०७.५१ | ६०९,२४७,८५०.८६ | ० | ६०९,२४७,८५०.८६ | |
| | | | प्रदेश सरकार | १२ | ४७,७५५,०००.०० | ३०,१९६,५२८.०० | ० | ३०,१९६,५२८.०० | ५९,२३०,८६४.०० | ० | ५९,२३०,८६४.०० | |
| | | | जनसहभागिता | | १४,५००,०००.०० | १५,०२४,१६०.७३ | ० | १५,०२४,१६०.७३ | १,३३४,९७८.७७ | ० | १,३३४,९७८.७७ | |
| | | | १४००० अन्य राजस्व | | १५७,४००,०००.०० | ३१,२०८,२४५.१२ | ० | ३१,२०८,२४५.१२ | ८२,५३८,२९२.०२ | ० | ८२,५३८,२९२.०२ | |
| | | | ख. अन्य प्राप्ति | | ३१,०१९,५५१.६८ | ४८,७४९,७४५.५० | | ४८,७४९,७४५.५० | ३०,७९४,८२९.४२ | | ३०,७९४,८२९.४२ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | २९,६८४,५०४.०० | ० | २९,६८४,५०४.०० | ० | ० | ० | |
| | | | कोषहरु | | ३१,०१९,५५१.६८ | १३,५५०,२८५.५० | ० | १३,५५०,२८५.५० | ९,००६,८६४.२५ | ० | ९,००६,८६४.२५ | |
| | | | धरौटी | | ० | ५,५१४,९५६.०० | ० | ५,५१४,९५६.०० | २१,७८७,९६५.१७ | ० | २१,७८७,९६५.१७ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य | | ० | ० | ० | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | १,३७७,५६७,२९३.६८ | ८३५,४१३,६३८.४० | | ८३५,४१३,६३८.४० | ७८०,४१५,५६२.२१ | | ७८०,४१५,५६२.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३४६,५४७,७४२.०० | ८२१,३५४,४८१.४५ | | ८२१,३५४,४८१.४५ | ७३८,३६५,३३४.३७ | | ७३८,३६५,३३४.३७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४३,५२५,०००.०० | २३५,११५,१०९.६४ | ० | २३५,११५,१०९.६४ | २१४,००४,३८८.९८ | ० | २१४,००४,३८८.९८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८३,५३०,५८०.०० | १२५,९७०,९४५.०१ | ० | १२५,९७०,९४५.०१ | १४५,४७५,१३१.४६ | ० | १४५,४७५,१३१.४६ |
| २५००० सहायता (Subsidy) | १८ | ४,६९९,०००.०० | ३,३५२,०००.०० | ० | ३,३५२,०००.०० | १०,३२५,५००.०० | ० | १०,३२५,५००.०० |
| २७००० सामाजिक | १८ | ८,५३९,०००.०० | ४४८,००५.०० | ० | ४४८,००५.०० | २५२,४८१.०० | ० | २५२,४८१.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुरक्षा | | | | | | | | | |
| | | | २८००० अन्य खर्च | १८ | ११८,८०१,१८८.०० | ३६,९२९,९७५.०० | ० | ३६,९२९,९७५.०० | ८,७३०,३२३.०० | ० | ८,७३०,३२३.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पती / पूँजीगत खर्च | १८ | ७८७,४५२,९७४.०० | ४१९,५३८,४४६.८० | ० | ४१९,५३८,४४६.८० | ३५४,५७७,५०९.९३ | ० | ३५४,५७७,५०९.९३ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ५,०००,०००.०० | ० | ५,०००,०००.०० | |
| | | | घ. अन्य भूक्तानी | | ३१,०१९,५५१.६८ | १४,०५९,१५६.९५ | | १४,०५९,१५६.९५ | ७८०,४१५,५६२.२१ | | ७८०,४१५,५६२.२१ | |
| | | | कोषहरु | | ३१,०१९,५५१.६८ | १०,३८८,२२८.०० | ० | १०,३८८,२२८.०० | २७,९५१,७८१.८४ | ० | २७,९५१,७८१.८४ | |
| | | | धरौटी | | ० | ३,६७९,९२८.०० | ० | ३,६७९,९२८.०० | १४,०९८,४४६.०० | ० | १४,०९८,४४६.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य | | ० | ० | ० | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -८,९९९.०५ | | -८,९९९.०५ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -३७६,०२०,३९७.०० | -९७,३८४,९२७.९१ | | -९७,३८४,९२७.९१ | २१२,५६१,८७४.४६ | | २१२,५६१,८७४.४६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४४०,१३८,३४२.७९ | | ४४०,१३८,३४२.७९ | २१६,७३६,५९६.३५ | | २१६,७३६,५९६.३५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -३७६,०२०,३९७.०० | ३४२,७५३,४१४.८८ | | ३४२,७५३,४१४.८८ | ४२९,२९८,४७०.८१ | | ४२९,२९८,४७०.८१ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३४३,३०६,४७१.८८ | | ३४३,३०६,४७१.८८ | ४४४,७७८,५७६.९५ | | ४४४,७७८,५७६.९५ |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा समावेश नभएको आर्थिक कारोवारको स्थितीः

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>व.उ.शि.नः</td><td>कार्यक्रमको नाम</td><td>वजेट</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>३७०००११६४</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार स्वास्थ्य कार्यक्रम</td><td>१५००००००</td><td>८१३४०००</td><td>८१३४०००</td></tr>
<tr><td>३१४०१०१२३</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>२२१९९५७०४</td><td>२२०२७१७३२</td><td>२२०२७१७३२</td></tr>
<tr><td>६०१०००१६३</td><td>औषधी उपचार</td><td>७५८८७३</td><td>७५८८७३</td><td>७५८८७३</td></tr>
<tr><td>६०१०००१३३</td><td>संचित विदा</td><td>५०२९०४</td><td>५०२९०४</td><td>५०२९०४</td></tr>
<tr><td></td><td>जम्माः</td><td>२३८२५७४८१</td><td>२२९६६७५०९</td><td>२२९६६७५०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>स्रेस्ता भन्दा बैक बढी<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन ( म ले प फा नं २७२) को स्रेस्ता अनुसार अनुसार वर्षको अन्त्यमा रु ३४२७५३४१४।८८ बाँकी देखिएकोमा सोहि प्रतिवेदनको बैक तथा नगद बाँकी विवरण (अनुसूचि २४) ले ३४३३०६४७१।८८ मौज्दात बाँकी देखाएकोले श्रेस्तामा भन्दा बैक वढी भएको रु ५५३०५७। को सम्वन्धमा पालिकाबाट गरि एकिन गरि आम्दानी बाँध्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। पालिकामा ऐनमा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेको कारण निम्नानुसार देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनि उल्लेख गरिएको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनि अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षणले औल्याएका कैफियत अन्तिम लेखापरीक्षण अगावै सम्परिक्षण गराउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयन गरेको पाईएन ।<br>• पालिकाले सवारी साधनको मर्मत अभिलेख राखेको पाईएन ।<br>• वेरुजूको लगत पालिकाले राख्ने गरेको देखिएन ।<br>• कतिपय निर्माण कार्यमा प्रयोग हुने मिस्कट लगायतको निर्माण सामग्रीको स्टिमेटमा मु.अ.कर समावेश भएको तर उपभोक्ता समितिले सो खरिद वापतको कर विजक पेश गरेको देखिएन ।<br>• पालिकामा निर्माण भएको अधिकांश सडक योजनाहरुमा डोलीडारको नर्म्स प्रयोग गर्ने गरेको तर सडक विभागको नर्म्स प्रयोग गरेको देखिएन ।<br>• कानूनमा उपभोक्ता समितिको म्याद थप सम्वन्धी व्यवस्था छैन, तर पालिकाले उपभोक्ता समिति मार्फत गराएको केहि काममा योजना सञ्चालन भएको वर्षमा अधुरो रहेका योजनाहरुलाई स्पष्ट अभिलेख वेगर सोहि उपभोक्ता समिति मार्फत अर्को आर्थिक वर्षमा काम गराई भुक्तानी दिने गरेको देखियो ।<br>• सवै मर्मत कार्यमा मर्मत आदेश राख्ने नगरेको ।<br>• इन्धन खर्चमा म.ले.प.फा.नं. ९०५ प्रयोग गर्ने नगरेको ।<br>• पारिश्रमिक भुक्तानी गर्दा वडा कार्यालय तर्फका कार्यालय सहयोगीहरुको हाजिरी प्रमाणित गर्ने नगरेको ।<br>• सम्पूर्ण विवरण खुल्ने गरी मौजुदा सुची दर्ता नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **खरिद योजना**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक बर्षभन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक रु.१० करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्ने व्यवस्ठा छ । पालिकाले खरिद गुरु योजना तयार गरेको देखिएन, नियममा भएको व्यवस्था अनुसार खरिद गुरु योजना तयार गरी कार्य हुनु पर्दछ । | |
| ८ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरी योजना तयार हुनुपर्ने व्यवस्था छ । पालिकाले आवधिक, मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गरेको देखिएन र योजनाको प्राथमिकिकरण गरेको समेत देखिदैन । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा रु.२४ करोड २८ लाख २६ हजारका ३७० योजना छनौट गरी कार्यान्वयन गरेकाेमा अधिकांश निम्नानुसार साना आयोजनाहरु छनौट गरी कार्यान्वयन गरेको देखियो ।<br><br><table><tr><td>योजना संख्या</td><td>योजना संख्या</td><td>रकम</td></tr><tr><td>रु.१ लाख सम्मका योजना</td><td>४०</td><td>३८१६४०२.९९</td></tr><tr><td>रु.१ लाख देखि २ लाख सम्मका योजना</td><td>७५</td><td>१३४९९७३०.००</td></tr><tr><td>रु.२ लाख देखि ५ लाख सम्मका</td><td>१३४</td><td>५१०८२१४८.००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु.५ लाख देखि १० लाख सम्मका</td><td>७२</td><td>६१२४१७०६.३०</td></tr>
<tr><td>रु.१० लाख देखि माथिका</td><td>४९</td><td>११३१८६०५९.१०</td></tr>
<tr><td>जम्मा</td><td>३७०</td><td>२४२८२६०४६.३९</td></tr>
</table>
साना योजना छनौट गरेर बजेट विनियोजन गरी योजना कार्यान्वयन हुदा योजनाको उद्देश्य पुरा नहुन सक्दछ । योजना छनौट तथा बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्दा ठुला योजनालाई प्राथमिकता दिंदै बजेट विनियोजन गरी योजनाको दिगोपना र प्रतिफल प्राप्त हुने गरी योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
चौमासिक खर्च<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार कुल पूँजीगत खर्च तर्फ प्रथम चौमासिकमा विनियोजित वजेट भन्दा ९९.९२ प्रतिशत घटि खर्च भएको त्यस्तै दोश्रो चौमासिकमा ७८.०३ प्रतिशत घटि खर्च भएको र तेश्रो चौमासिकमा ६८.४८ प्रतिशत वढी खर्च भएको देखियो । चौमासिक खर्चको तुलना गर्दा प्रथम चौमासिकमा ०.०३ प्रतिशत, दोश्रो चौमासिकमा २०.६५ प्रतिशत र तेश्रो चौमासिकमा ७९.३२ प्रतिशत खर्च भएको छ । यसरी तेश्रो चौमासिक अर्थात् वर्षान्तमा मात्र अधिक खर्च गर्दा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक वजेटको आधारमा खर्च गरी बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><td rowspan="2">वजेट उपशिर्षक</td><td colspan="2">वजेट र खर्च (रु.हजारमा)</td><td colspan="2">प्रथम चौमासिक (रु.हजारमा)</td><td colspan="2">दोश्रो चौमासिक (रु.हजारमा)</td><td colspan="2">तेश्रो चौमासिक (रु.हजारमा)</td></tr>
<tr><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td><td>वजेट</td><td>खर्च</td></tr>
<tr><td>चालु खर्च तर्फ</td><td>५५९०९५</td><td>४०१८१५</td><td>१३२४२५</td><td>७५७३०</td><td>१७३०६०</td><td>९९४८९</td><td>२४३०१३</td><td>२२६५९६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूँजीगत खर्च तर्फ</td><td>७८७४५३</td><td>४१९५३८</td><td>१६२१४८</td><td>१२१</td><td>३९४३७२</td><td>८६६१४</td><td>१९७५३२</td><td>३३२८०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
आयको अनुमान र असूली<br><br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असूली</td><td>असूली प्रतिशत</td></tr>
<tr><td>एकिकृत सम्पत्ति कर</td><td>२५००००००</td><td>१५७०८९९०</td><td>६२.८४</td></tr>
<tr><td>घरबहाल कर</td><td>१५००००००</td><td>९२०११६६.७६</td><td>६१.३४</td></tr>
<tr><td>वहाल विटौरी कर</td><td>७५०००००</td><td>२८६००</td><td>०.३८</td></tr>
<tr><td>अन्य कर</td><td>१००००००</td><td>३५०४४५.४५</td><td>३५.०४</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा विक्री</td><td>९००००००</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>३००००००</td><td>९७१६४८</td><td>३२.३९</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>१५००००००</td><td>४४०८०१८.२६</td><td>२९.३९</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>१५००००००</td><td>११८७८२८९.४१</td><td>७९.१९</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>४०००००</td><td>४६२४२८</td><td>११५.६१</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table below) | |

| | | | |
|---|---|---|---|
| अन्य दस्तुर | १००००००० | ६०८३२६६ | ६०.८३ |
| अन्य राजस्व | १२०००००० | ४३७५७८८.४४ | ३६.४३ |
| व्यवसाय कर | ७०००००० | २६५०३४३.३३ | ३७.८६ |
| जम्माः | २००९००००० | ५६११८९८३.३३ | २७.९३ |

पालिकाले अनुमान गरेको आन्तरिक आयको २७.९३ मात्र असूली गरेको देखियो । यस बर्ष बिभिन्न ६ स्थानको नदिजन्य पदार्थको उत्खननका लागि वातावरणिय प्रभाव मुल्यांकन गर्न रु.१४,५३,१५५। खर्च भएको छ तर पालिकाले नदिजन्य पदार्थबाट प्राप्त हुने सेवा शुल्क विक्रि शिर्षकमा रु.९ करोड अनुमान गरेकोमा कुनै पनि असूली भएको देखिएन, यथार्थपरक अनुमान गरी राजस्व असूली गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । त्यस्तै अन्य राजस्व शिर्षकमा पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

११

**क्षेत्रगत बजेट खर्च**

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सि.नः | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६६४६९४९७.०० | १०६१३६०२०.०० | १२.९२ |
| २ | पूर्वाधार विकास | ४३११५२६७६.०० | २०९८३४२८३.०० | २५.५५ |
| ३ | सामाजिक विकास | ४७१३७७५७९.०० | ३३२४५५३३८.५१ | ४०.४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>२२८५२८०२.००</td><td>१६४९९२९५.००</td><td>२.०१</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>२५४६९५१८८.००</td><td>१५६४२९२१४.१४</td><td>१९.०५</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१३४६५४७७४२.००</td><td>८२१३५४१५१.४५</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कुल खर्च मध्ये सवै भन्दा वढी सामाजिक विकासमा ४०.४८ प्रतिशत र सवै भन्दा घटी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा २.०१ प्रतिशत खर्च भएको छ । मध्य कालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सुचकहरु निर्धारण गरी सोही आधारमा वजेट सांकेतीकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी वजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>नक्सा पास<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि स्थानीय तहवाट नक्सापास नगरी भवन निर्माण गर्न नहुने व्यवस्था छ । प्राप्त विवरण अनुसार यस वर्ष ४४० वटा घर नक्शा पासको लागि निवेदन पेश भएकोमा अस्थायी अनुमती ७२ ले पाएको देखियो भने विगत वर्षमा अनुमती लिएको ६९ ले निर्माण सम्पन्न प्राप्त गरेको देखियो । यस वर्ष अनुमती लिएको कुनै पनि निवेदनले निर्माण सम्पन्न गराएको छैन । यसले पालिका भित्र निर्माण भएका सवै भवनहरु नक्सापासको दायरामा आएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी पालिकाको कार्यक्षेत्र भित्र निर्माणहुने सम्पूर्ण भवनहरुको नक्सा पास गरेर मात्र निर्माण कार्य हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा गत आर्थिक वर्ष सम्म २४ फर्छ्यौट नभएको विवाद रहेको, यस वर्ष ७४ विवाद्को उजुरी परेको मध्ये ९४ न्यायिक समितिबाट समाधान भएका छन् भने ४ समितिवाट फर्छ्यौट हुन नसकी अदालत पठाएको छ । समितिमा परेका उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तोकेको म्याद भित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १४ | | | **आर्थिक सहायता**<br><br>सरकारको बार्षिक कार्यक्रममा परेका वाहेक कुनैपनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउने नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्राभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७७ मा उल्लेख छ। उपरोक्त व्यवस्था स्थानीय तहका सबै कार्यालयहरुले पालना गर्नुपर्ने समेत उल्लेख छ। आर्थिक वर्ष २०७८।७९ को वार्षिक नीति, कार्यक्रम तथा वजेटमा मृत्यू संस्कार खर्च र पोषण भत्ता शिर्षकमा वजेट विनियोजन गरी क्रमशः रु.११०००००। र रु.११५००००। वितरण गरेको देखियो । आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर यस प्रकारको सहायता लगायतको खर्च गर्नुपर्ने देखिन्छ । | |
| १५ | | | **निजि शिक्षक**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिका भित्रका साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने देखिदैन । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई पालिकाको आन्तरिक श्रोतबाट यस बर्ष रु.८८,२५,०००। तलब भत्ता भुक्तानी गरेको पाईयो । यस प्रकारको खर्चले पालिकालाई थप व्ययभार वढ्दै जाने भएकोले दिर्घकालिन समाधान गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १६ | | | **शैक्षिक गुणस्तर**<br><br>राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापत गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन । तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पेश्की<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम आर्थिक वर्षको अन्तमा फर्छ्यौट गर्न वाँकी म्याद नाघेको रु.५४६९९०४। र म्याद ननाघेको रु.१३३०५७२५। पेश्की कानून वमोजिम फर्छ्यौट गर्नु पर्ने रु...
<table>
<tr><th rowspan="2">सि. नः</th><th rowspan="2">विवरण</th><th rowspan="2">पेश्की लिने संस्था/कर्मचारी</th><th colspan="2">पेश्की वाँकी</th><th rowspan="2">जम्मा पेश्की</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>अन्य कार्यालय सञ्चालन खर्च</td><td>कृष्ण वहादुर आले</td><td>०</td><td>८००००</td><td>८००००</td></tr>
<tr><td>२</td><td>एम्वुलेन्स खरिद (स्वाठी क्षेत्रका लागि)</td><td>अग्नी इन्कर्पोरेटेड प्रा.लि.</td><td>०</td><td>११००००<br>०</td><td>११०००००</td></tr>
<tr><td>३</td><td>लागत सहभागिताबाट संचालन हुने योजना</td><td>अभियन्ता कन्ट्रक्सन प्रा.लि.</td><td>७९२२५१</td><td>०</td><td>७९२२५१</td></tr>
<tr><td>४</td><td>हाइटेन्सन लाईन व्यवस्थापन वडा ११ र १२</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>०</td><td>४७८७८</td><td>४७८७८</td></tr>
<tr><td>५</td><td>वनकट्टी खानेपानी</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>०</td><td>३५८५९५</td><td>३५८५९५</td></tr>
<tr><td>६</td><td>प्रदेश समपुरक अनुदानबाट संचालन हुने योजना</td><td>नर्थ साउथ इन्जिनियरिङ्ग सर्भिस प्रा.लि.</td><td>२७६०००</td><td>०</td><td>२७६०००</td></tr>
</table></td><td>५,४६९,९०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घ्युडल्ला सडक कालोपत्रे | बुद्धभुमी कन्स्ट्रक्सन | १६८२७५ | ० | १६८२७५ |
| ८ | वडा कार्यालय भवन निर्माण सुनवल ३ | लुम्विनी सांस्कृतिक एशोसियट्स प्रा लि | ४३२६५१ | ० | ४३२६५१ |
| ९ | सार्वजनिक निर्माण | नेपाल विद्युत प्राधिकरण | ० | १२१५७२ | १२१५७२ |
| १० | सडक तथा पुल निर्माण | पालुस्थान निर्माण सेवा | २५३००० | ० | २५३००० |
| ११ | भूमही हाटबजार निर्माण | वावुल समिर जे.भी. | ३७५२६३८.८० | ० | ३७५२६३८.८० |
| १२ | सिमेन्ट फ्याक्ट्री रामग्राम जोड्ने सडक वडा नः२ र ९ | बुद्धभुमी कन्स्ट्रक्सन | ४०००७१ | ० | ४०००७१ |
| १३ | अस्नैया चोक नाला निर्माण | बुद्धभुमी कन्स्ट्रक्सन | २७४८२६ | ० | २७४८२६ |
| १४ | बेलारी कुकुरखोला पुल सडक पूर्व महलपोखरी जोड्ने बाटो | समिर कन्स्ट्रक्सन | ४७६५०० | ० | ४७६५०० |
| १५ | वडा कार्यालय भवन निर्माण | अभियन्ता कन्स्ट्रक्सन | ५५४९१३ | ० | ५५४९१३ |
| १६ | सुनवल चौहानको नाला निर्माण | सुस्ता कन्स्ट्रक्सन कम्पनी प्रा लि | २९३००० | ० | २९३००० |
| १७ | हाइवे लुम्विनी पेट्रोल पम्प देखि नगरपालिका प्रशासनिक भवन जोड्ने सडक | बुद्धभुमी कन्स्ट्रक्सन | २१६३३०० | ० | २१६३३०० |
| १८ | सुनवल चौहानको नाला निर्माण | सुस्ता कन्स्ट्रक्सन कम्पनी प्रा लि | २९३००० | ० | २९३००० |
| १९ | वडा कार्यालय भवन | पालुस्थान निर्माण सेवा | १०१२००० | ० | १०१२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>हाइवे लुम्विनी पेट्रोल पम्प देखि नगरपालिका प्रशासनिक भवन जोड्ने सडक</td><td>प्रदिप थापा/बुद्धभुमी जे.भी.</td><td>२१६३३००</td><td>०</td><td>२१६३३००</td></tr>
<tr><td>२१</td><td>चारघरे झो.पु. सुनवल ४</td><td>चारघरे घाट झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति</td><td>०</td><td>१२६१८६२</td><td>१२६१८६२</td></tr>
<tr><td>२२</td><td>बाक्वाडी मा वि जर्गाहा स्कुल बस खरिद</td><td>बाकवाडी माध्यमिक विद्यालय</td><td>०</td><td>२५०००००</td><td>२५०००००</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>१३३०५७२५.८०</td><td>५४६९९०४</td><td>१८७७५६२९.८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>विद्यालयगत निकासा<br><br>आर्थिक कार्यविधि नियमावली तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>धरौटी फिर्ता<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) अनुसार रिन्टेन्सन मनि भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण प्राप्त गरे पछि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले रिटेन्सन मनि फिर्तामा देहायका पार्टीबाट कारोबार वर्षको करचुक्ता प्रमाण र मूल्य अभिबृद्धि कर समायोजन पत्र नराखेकोले मूल्य अभिबृध्दि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु..</td><td>१,५७६,८०८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>भौचर नं/ मिति</td><td>धरौटी फिर्ता भएको पार्टीको नाम</td><td>रकम</td></tr>
<tr><td>४, २०७८।९।१२</td><td>अभियन्तम कन्सट्रक्सन प्रा लि</td><td>२१५७१९</td></tr>
<tr><td>६,२०७८।९।१३</td><td>किर्क एण्ड कालिकोट कन्सट्रक्सन प्रा लि</td><td>२३००००</td></tr>
<tr><td>१२, २०७९।२।६</td><td>श्रमजिवी निर्माण सेवा</td><td>१५९४५८</td></tr>
<tr><td>१३, २०७९। २। ६</td><td>समिर कन्सट्रक्सन</td><td>९७१६३१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५७६८०८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०२</td><td>चोलाकान्त टोल ज्यामिरे कल्भर्ट निर्माण उ स</td><td>३६.३१</td><td>९४२६</td><td>१६७७</td><td>६०६८९१</td></tr>
<tr><td>१०५</td><td>मिश्रौली गणेश मन्दिर देखि उत्तर सडक मर्मत उ स</td><td>९१.०६</td><td>९४२६</td><td>१६७७</td><td>१५२७०७</td></tr>
<tr><td>१४५</td><td>बेलारी गाउँ सडक निर्माण पि सि सि ढलान उ स</td><td>८९.९२</td><td>११४८६</td><td>१६५४</td><td>१४८७२७</td></tr>
<tr><td>२११</td><td>नदुवा टोलमा तटवन्ध निर्माण उ स</td><td>१००.६</td><td>९४२६</td><td>१६७७</td><td>१६८७०६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>११७९५२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>प्रोभिजनल सम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | | | निर्माण कार्यमा ननकम्पिटिटिभ आईटमको रुपमा राखिएको प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । देहायका ठेक्कामा निर्माण व्यवसायीलाई ल्याव टेष्ट तथा विमा वापतको प्रोभिजनल सम अन्तर्गतको रकम भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ । | |
| ४९.२ | | | पालिकाले मिलन टोल हर्दिया २ मा सडक कालोपत्र कार्यको लागि निर्माण व्यवसायी लिभि निर्माण सेवालाई भौचर नं ३१ र ५६ बाट विभिन्न मितिमा रु १७०२३५९। विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत विमाको विल रु.२५०००। भुक्तानी गरेकोमा निर्माण व्यवसायीबाट ठेक्का विल साथ नेको ईन्सुरेन्सको रु १३६३८। विल विजक मात्र पेश गरेकोले विल विजक वेगर भुक्तानी गरेको रु ११३७२। असुल गर्नुपर्ने रु | ११,३७२ |
| ४९.३ | | | पालिकाले ठेक्का नं ३१।०७७।७८ को निर्माण व्यवसायी बावुल समिर जेभिलाई भौचर नं १२० मिति २०७८।१२।२२ बाट पहिलो रनिङ विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत विमा वापत रु.१०७५४०। को विल भुक्तानी गरेकोम रु ९२५०१। को मात्र नेपाल ईन्सुरेन्स कम्पनीको विल निर्माण व्यवसायीले पेश गरेकोले प्रोभिजनल सम आईटममा विल वेगर भुक्तानी गरेको रु १५०३९। असुल गर्नुपर्ने रु | १५,०३९ |
| ५० | | | **विल भन्दा बढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरि नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पालिकाले ठे नं २५/०७७/७८ अन्तर्गत अतिथि चोक देखि अटोभिलेज जाने सडक निर्माण कार्यको लागि जे वी कन्स्ट्रक्सन संग रु ६३४३४७८।२६ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु ५७९९०१०।८४ को नापी तथा कार्य सम्पन्न भएकोमा आ व २०७७।७८ मा भौ नं ३८५ बाट रु १३५७५०१। र आ व २०७८।७९ मा भौ नं २६७ र ३४१ बाट रु ४७३२२९९। समेत जम्मा रु ६०८९८००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु २९०७९०। सम्वन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु | २९०,७९० |
| ५१ | | | **अनुपातिक कट्टि**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल | ३९,०२९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु<br>
<table>
<tr><th>गोभौ नं.</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>कार्यालयले व्यहोर्ने प्रतिशत</th><th>भुक्तानी भएको रु</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>८१- ०७८।११।२३</td><td>अवरैया र भरवलीयमा बाटो निर्माण उ स</td><td>१४००१५९</td><td>१२८४१८८</td><td>८९.८</td><td>११८१७५२</td><td>२८५५१</td></tr>
<tr><td>७१- ०७८।११।१०</td><td>कव्रस्थान कम्पाउण्ड वाल निर्माण उ स</td><td>१०७५५३९</td><td>६५७८५१</td><td>८९.९५</td><td>६०१९७२</td><td>१०४७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>फरक नर्म्स:<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक सम्बन्धी निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत सडक विभागको नर्म्स प्रयोग गरी प्रति इकाई दर रेट निर्धारण गर्नुपर्नेमा पालिकाले फरक नर्म्स (डोलीडार/ भवन) प्रयोग गरी दर विष्लेषण गरेको देखियो ।नमूना छनौट गरी परीक्षण गर्दा निम्न सडक कालोपत्रे सम्बन्धी कार्यमा सडकको नर्म्स प्रयोग नगरी फरक नर्म्स अनुसार लागत अनुमान तयार गरेका कारण सोही दरमा उपभोक्ता समितिसँग सम्झौता भई उपभोक्ता समितिलाई जनश्रमदान बाहेकको भुक्तानी भएकोमा निम्नानुसार रकम पालिकालाई थप व्ययभार परेको देखिएको रु.<br>
<table>
<tr><th>गो.भौ.नं.,मिति</th><th>विवरण</th><th>परिमाण</th><th>सम्झौता/भुक्तानी</th><th>सडक विभागको</th><th>फरक</th></tr>
</table></td><td>४८७,४९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भएको दर | स्वीकृत नर्म्स अनुसारको दर | दर | |
| | | | ५४३-२०७९।३।२५ कालिका टोल सडक कालोपत्रे | प्राइम कोट (लिटर) | ५६३.५८ | १४५.४ | १०८.११ | ३७.२९ | २१०१५.९२ |
| | | | | ट्याक कोट (लिटर) | ३५३.०९ | १४६.२ | ९५.८५ | ५०.३५ | १६७७१.०८ |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | १०.२५ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | ३६०९५.९१ |
| | | | | सिल कोट (बर्गमिटर) | ५१२.४५ | ११५.३५ | ७४.०६ | ४१.२९ | २११५९.०६ |
| | | | ५४४-२०७९।३।२५ उत्तरखेत सडक कालोपत्रे उ.स. | प्राइम कोट (लिटर) | ७७९. | १४५.४ | १०८.११ | ३७.२९ | २९०४८.९१ |
| | | | | ट्याक कोट (लिटर) | ३९०.७८ | १४६.२ | ९५.८५ | ५०.३५ | १९६७५.७७ |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | १२.०२४ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | ४२३४३.२४ |
| | | | | सिल कोट (बर्गमिटर) | ६०१.२ | ११५.३५ | ७४.०६ | ४१.२९ | २५४२४.७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४९६-२०७९।३।२४ बडेरा सूर्यवस्ती हिरा ढकालको घर दक्षिण सडक रङ्गशाला चोक बाटो निर्माण उ.स. | प्राइम कोट(लिटर) | ४६१.७६ | १४५.४ | १०८.११ | ३७.२९ | | १७२१९.०३ |
| | | | | ट्याक कोट (लिटर) | ३००.१४ | १४६.२ | ९५.८५ | ५०.३५ | | १५११२.०५ |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | ९.२४ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | | ३२५३९.२१ |
| | | | | सिल कोट (बर्गमिटर) | ४६१.७६ | ११५.३५ | ७४.०६ | ४१.२९ | | १९०६६.०७ |
| | | | १७९-२०७९।१।१२ समयटोल सडक कालोपत्रे | प्राइम कोट (लिटर) | ८४६ | १४५.४ | १०८.११ | ३७.२९ | | ३१५४७.३४ |
| | | | | ट्याक कोट (लिटर) | ६८२.५ | १४६.२ | ९५.८५ | ५०.३५ | | ३४३६३.८८ |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | १३.६५ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | | ४८०६९.३ |
| | | | | सिल कोट (बर्गमिटर) | ६८२.५ | ११५.३५ | ७४.०६ | ४१.२९ | | २८१८०.४२ |
| | | | ३७१-२०७९।३।१६ सरस्वती प्रा.वि. देखि वडा कार्यालयसम्म सडक कालोपत्रे उ.स. | प्राइम कोट (लिटर) | २६५.५ | १४५.४ | १०८.११ | ३७.२९ | | ९९००.५ |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | | | | | | | **बेरुजु रकम** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ट्याक कोट (लिटर) | १७७.४४ | १४६.२ | ९५.८५ | ५०.३५ | ८९३४.१ | |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | ४.८ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | १६९०३.४९ | |
| | | | | सिल कोट (बर्गमिटर) | २३९.८ | ११५.३५ | ७४.०६ | ४१.२९ | ९९०१.३४ | |
| | | | ३३६-२०७९।३।६ शिबमन्दिर अधुरो बाटोदेखि शान्ती टोल जोड्ने पक्की सडक निर्माण उ.स. | प्राइम कोट (लिटर) | ३२०.१ | १४५.४ | १०८.११ | ३७.२९ | ११९३६.५३ | |
| | | | | ट्याक कोट (लिटर) | २०८.०७ | १४६.२ | ९५.८५ | ५०.३५ | १०४७६.३२ | |
| | | | | प्रिमिक्स कार्पेट (घनमिटर) | ६.४ | १३०५४.५ | ९५३२.९४ | ३५२१.५६ | २२५३७.९८ | |
| | | | | सिल कोट (बर्गमिटर) | ३२०.१ | ११५.३५ | ७४.०६ | ४१.२९ | १३२१६.९३ | |
| | | | जम्मा | | | | | | ५४१४३९.२१ | |
| | | | १० प्रतिशतले हुने उपभोक्ताको जनश्रमदान | | | | | | ५४१४३.९२ | |
| | | | पालिकालाई व्ययभार परेको रकम | | | | | | ४८७४९५.२९ | |
| ५३ | | | **ह्यूम पाईप :** | | | | | | | १,४८१,८५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद भएका सामानहरु तोकिएको कार्यमा उपयोग भएको सुनिश्चित हुनुपर्दछ । पालिकाले मातहतका वडा एवं पालिकाको लागि ह्युमपाइप खरिद गरी निम्नानुसार रु.१४८१८५३।-भुक्तानी गरेको देखियो।खरिद गरेका ह्युमपाइपहरु पालिकाको कुन कुन योजना र स्थानमा के कति प्रयोग भएको सोको विवरण खुल्ने प्राविधिक प्रतिवेदन पेश नभएकोले खरिद भएका ह्युम पाइप उपयोगको अवस्था यकिन गर्न सकिएन। अत: योजना र स्थान खुलाई ह्युम पाइप जडान एवं उपयोग भएको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.,मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४७३-२०७९।३।२४</td><td>ओली ट्रेडर्स: ३ साइजका १७ थान ह्युमपाइप वडा २,५,४ र ८ का लागि</td><td>३९३२९६।-</td></tr>
<tr><td>३७८-२०७९।३।१७</td><td>वडा नं.१० सदस्य मोहन बहादुर बुढाथोकी: ४ थान(लुम्बिनि पिएसी इण्डष्ट्रिज)</td><td>४९४३७।-</td></tr>
<tr><td>३०२-२०७९।२।२५</td><td>लुम्बिनि पिएसी इण्डष्ट्रिज: २ साईजका ४२ थान नगरपालिका र वडा नं.७ का लागि</td><td>४०००००।-</td></tr>
<tr><td>३०१-२०७९।२।२५</td><td>लुम्बिनि त्रिशक्ति सप्लायर्स: २ साइजका ४० थान वडा नं. ५र १३ का लागि</td><td>७८७४३७।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>आनूपातिक कट्टी:<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.,मिति</th><th>विवरण</th><th>सम्झौता रकम कन्टीजेन्सी बाहेक</th><th>सम्पन्न कार्यको रकम</th><th>उपभोक्ताको योगदानको अंश</th><th>पालिकाबाट भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने र</th></tr>
</table></td><td>४१०,६६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५४७-२०७९।३।२५ | मिश्रौली जर्गाहा जोड्ने कल्भर्ट निर्माण उ.स. | २३००५३६.६१ | १२९६४८८.८१ | ११.०४ | १२३८३६४ | ११५३३५६ | ८५००८ |
| | | | ५५०-२०७९।३।२५ | हरकट्टा उत्तर खेलमैदान तथा खुल्ला ब्याडमिन्टन कोर्ट निर्माण उ.स. | ५४०६८५.६९ | २५४८१८.९७ | ९.८४ | २३५५७७ | २२९७४५ | ५८३२ |
| | | | ५५१-२०७९।३।२५ | लायन्स आँखा अस्पताल शौचालय निर्माण उ.स. | ५५२५०७.५५ | २९३२२१.१६ | १२.२२ | २६४७६८ | २५७३९० | ७३७८ |
| | | | ५५२-२०७९।३।२५ | जनता आधारभूत हरकट्टा अधुरो भवन निर्माण उ.स. | १०९०१९०.२६ | ८६८५९०.३५ | १०.५७ | ७८१२५७ | ७७६७८० | ४४७७ |
| | | | ५४०-२०७९।३।२५ | अरनिको मा.वि. कम्पाउन्ड र क्यान्टिन निर्माण उ.स. | १०९०६४३.९७ | ६७८८४४ | १०.६ | ६१५११३ | ६०६८८६ | ८२२७ |
| | | | १५६,२९१, ५२४-२०७९।३।२५ | धुरकोट फेदी सडक आरसीसी उ.स. | ३२७२७३६ | ३१६१५४८.७२ | १०.६२ | २८३२६४० | २८२५७९२ | ६८४८ |
| | | | ५२७-२०७९।३।२५ | सिद्धार्थ टोल सडक निर्माण उ.स. | ५३८५५८.४१ | ३१८५४२.५९ | ९.४८ | २९२८६० | २८८३४५ | ४५१५ |
| | | | ५३१-२०७९।३।२५ | बनकट्टी खानेपानी तथा सरसफाई उ.स. | १०९७५२०.८९ | ४२४५१८.८९ | ११.१६ | ३९०४४३ | ३७७१४३ | १३३०० |
| | | | ४९७-२०७९।३।२४ | भगवती मा.वि. भवन निर्माण उ.स. | ५०१५०१९.१२ | २०६९५३३.१७ | १२.५१ | १८९८४२० | १८१०६३५ | ८७७८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४९४-२०७९।३।२४ | बैरागनाथ यूवा क्लब भवन नि.उ.स. | ५४४५३४.५३ | २०७५०३.७३ | १०.४७ | १९२५४१ | १८५७७७ | ६७३७ |
| ४०७-२०७९।३।१९ | किरियापुत्री घरनिर्माण उ.स. | २१५४३९.३ | १८६७००.२३ | ९.४९ | १९५००० | १६८९८२ | २६०१८ |
| ३७१-२०७९।३।१६ | सरस्वती प्रा.वि. देखि वडा कार्यालय सम्म सडक कालोपत्रे उ.स. | ७९९०५३.५६ | ७८१९६९.२ | १२ | ६९५४९५ | ६८८१३३ | ७३६२ |
| ३६४-२०७९।3.१६ | हिरागञ्ज नाली निर्माण उ.स. | ३२५२६८.३ | २५६४८८.४६ | १०.०७ | ३००००० | २३०६६० | ६९३४० |
| ३५५-२०७९।३।१६ | हिलपार्क निर्माण उ.स. | ४९४११२६.८ | ३८१६३११.०२ | ११.२ | ३४६०१५८ | ३३८८८८४ | ७१२७४ |
| ३१६-२०७९।२।३१ | भूमिगत भल्भ पाइप निर्माण उ.स. | ४६०५४१.९० | ४५३२२०.६२ | १०.०२ | ४१४३७५ | ४०७८०८ | ६५६७ |
| | जम्मा | | | | | | ४१०६६८ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **कार्य स्वीकार भन्दा बढी भुक्तानी:**<br><br>पालिकाले उपभोक्ताको ३० प्रतिशत नगद लागत सहभागिता एवं पालिकाबाट ७० प्रतिशत साझेदारी हुने गरी सम्झौता गरेका निम्न कार्यका उपभोक्ता समितिलाई भुक्तानी दिदा सम्पन्न कार्यको नापजाँच एवं प्राविधिक बिल अनुसार भुक्तानी दिनुपर्नेमा सोभन्दा बढी भुक्तानी दिएको देखियो । नगद लागत सहभागितामा सञ्चालित योजनामा उपभोक्ताको लागत सहभागिताको अद्यावधिक अभिलेख तयार नगरेको एवं लागत सहभागिता अनुसार कार्य नभई बाँकी रहेको रकम सम्पन्न कार्यको भुक्तानी दिने समयमा हिसाब फरफारक गरी भुक्तानी दिने नगरेकोले यथार्थ अवस्था यकिन गर्न सकिएन। यस वर्ष निम्न उपभोक्तालाई सम्पन्न कार्यको | २९७,९३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी दिदा प्राविधिक बिलभन्दा बढी भुक्तानी दिएको देखिएकोले लागत सहभागिताबापतको बाँकी रकम फिर्ता गर्दा निम्नानुसारको रकम कट्टा गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.,मिति</th><th>विवरण</th><th>सम्झौता रकम</th><th>प्राविधिक बिल अनुसार भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>५४१-२०७९।३।२५</td><td>काबुक नगर नाला तथा बाटो निर्माण उ.स.</td><td>३४९१९२६</td><td>१६८२९१४</td><td>१७४२३५०.</td><td>५९४३६</td></tr>
<tr><td>३०८,४८२-२०७९।३।२५</td><td>सोमैटोलमा सडक कालोपत्रे: समयटोला सडक कालोपत्रे उ.स</td><td>१८१०६६८</td><td>१८०७३९०</td><td>१८३९४८५.</td><td>३२०९५</td></tr>
<tr><td>१६१,४६१-२०७९।३।२३</td><td>गुरुमार्ग निर्माण उ.स.</td><td>२२९०३६५</td><td>२२०७३६८.३०</td><td>२२१२९५३</td><td>५५८५</td></tr>
<tr><td>४१२-२०७९।३।२०</td><td>असैया मा.वि. भवन र क्यान्टिन निर्माण उ.स.</td><td>३४६३८६८</td><td>३२७१५४४</td><td>३३१९५५९</td><td>४८०१५</td></tr>
<tr><td>२५६, ३०९-२०७९।३।१६</td><td>हाइवे सनसाइन होटल पूर्व पश्चिम दक्षिण नाला तथा सडक मर्मत उ.स.</td><td>५२९८९४७</td><td>५१५७४८३</td><td>५२७१६१७</td><td>११४१३३</td></tr>
<tr><td>३१०-२०७९।२।३०</td><td>तुरिया राजमार्गदेखि केशव पाण्डेको घरसम्म सडक कालोपत्रे उ.स.</td><td>२२७६८८३</td><td>२०८०५०३</td><td>२११५१९७</td><td>३४६९४</td></tr>
<tr><td>२६३, ३०७-२०७९।२।३०</td><td>चारपाला नाला निर्माण उ.स.</td><td>६९७०७१</td><td>६६१९८४</td><td>६६५९६१</td><td>३९७७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | \| \| जम्मा \| \| \| \| २९७९३५ \| | |
| ५६ | | | **बढी भुक्तानी:**<br><br>हिलपार्कमा विभिन्न निर्माण कार्यका लागि उपभोक्ता समितिसँग पालिकाले रु.३०२२५००।- व्योहोर्ने गरी २०७८।१।२ मा २०७८।३।५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.३३३८७७१।२५ को सम्झौता भएकोमा रु.३३६८१८६।७५ को कार्य स्वीकार भएको एवं सोही स्थानमा गेट निर्माण कार्यका लागि पालिकाले रु.७८००००।- व्यहोर्ने गरी रु.८६०८१६।- को सम्झौता भएकोमा रु. ८६२२२४।५८ को कार्य स्वीकार गरेको देखियो।यस वर्ष गो.भौ.नं.३८९-२०७९।३।१७ बाट भएको भुक्तानी रु.१५१०३१९।-समेत हालसम्म उक्त दुबै कार्यको रु.३८१४०३०।– भुक्तानी भएको देखियो ।सम्झौतानुसार पालिकाबाट अधिकतम भुक्तानी दिन मिल्ने रकम रु.३८०२५००।- भुक्तानी दिनुपर्नेमा रु.३८१४०३०।-भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ११,५३० |
| ५७ | | | **कम लागत सहभागिता:**<br><br>पालिका र पतञ्जलीको सहकार्यमा नाला निर्माण उपभोक्ता समितिबिच ७०:३० को लागत साझेदारीमा रु.११४५९८३।- को कार्य गर्ने गरी सम्झौता भएकोमा रु.११४१३९५।- को कार्य स्वीकार गरेको देखियो । कार्य स्वीकार अनुसार रकम रु.११४१३९५।- उपभोक्ता समितिलाई भुक्तानी हुनुपर्ने र सो मध्ये समितिको लागत सहभागिता रु.३४२४१८।५० हुनुपर्नेमा रु.३०२१९१।९५ मात्रको लागत सहभागिता गराई रु.११४५९८३।- नै भुक्तानी दिएको देखियो ।अत: बढी भुक्तानी भएको रु.४५८८।- एवं घटी लागत साझेदारी भएको रकम रु.४०२२६।५५ समेत सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.४४८१५ | ४४,८१५ |
| ५८ | | | **अधुरो कार्य:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौतामा उल्लिखित अवधिभित्र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले औद्योगिक ग्राम निर्माण कार्यक्रम अन्तर्गत औद्योगिक क्षेत्र पूर्वाधार निर्माणका लागि कम्पाउण्ड वाल, ग्याबियन एवं फिल्ड सम्म्याउने लगायतका कार्य गर्न २०७८।४।३ मा २०७८।१०।३ भित्र कार्य गर्ने गरी निर्माण व्यवसायी बि एस के कन्सट्रक्सन एण्ड सप्लायर्ससँग रु.५३५९५०४।४४ को सम्झौता गरेकोमा हालसम्म रु.१३१४२६७।-को कार्य भई बाँकी कार्य अधुरो रहेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रथम पटक कार्यपालिकाको निर्णयानुसार २०७८।१२।३० सम्म म्याद थप भएतापनि सो पश्चात म्याद थप एवं बाँकी कार्य अधुरो रहेकोले सार्वजनिक खरिद कानून एवं सम्झौताबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई म्याद थप गरी योजना फरफारक गर्नुपर्दछ। | |
| ५९ | | | **घटी धरौटी :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिल भुक्तानीमा ५ प्रतिशत रकम कट्टा रिटेन्सन मनीबापत कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.५४९-२०७९।३।२५ बाट ठेक्का नं.३३-०७७।७८ ग्रामीण क्षेत्र पूर्वाधार निर्माण कार्यका निर्माण व्यवसायी बि एस के कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई यस वर्ष प्रथम रनिङ्ग बिलबापत रु.१३१४२६७।- भुक्तानी गरेको देखियो । रनिङ्ग बिल भुक्तानीमा नियमानुसार रु.५८१५३।- रिटेन्सनी मनी कट्टा गर्नुपर्नेमा रु.२९२४५।- मात्र कट्टा गरेकोले घटी कट्टा गरेको रिटेन्सन रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | २८,९०८ |
| ६० | | | **सहकारी भवन निर्माण**<br><br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानिय तहले योजना वनाउदा सहभागितामुलक उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखि खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पुर्वाधार विकास तथा दीर्घकालीन पुजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसवाट नाफा कामाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । पालिकाले यो वर्ष बजेटमा समावेश गरी विभिन्न सहकारी संस्थालाई भवन निर्माण तथा मर्मत कार्यको लागि खर्च लेखेको छ । पालिकाले पूर्वाधार विकास, जनताको जिवनस्तर उकास्ने कार्यक्रम तथा स्थानिय स्तरमा रोजगारी सृजना हुने कार्यमा खर्च गर्नुपर्नेमा नाफाको उद्देश्यले नीजि स्तरमा संचालन हुने सहकारी संस्थाको सुविधाको लागि खर्च गरेको छ । यसवाट विकास निर्माणमा खर्च हुने वजेट नाफा मूलक संस्थाको हितको लागि खर्च गरेको देखाएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।<br><br>भौचर नं / सहकारी संस्थाको नाम / काम / रकम<br>५२ / स्वांठी कृषी सहकारी संस्था / ट्रस भवन निर्माण / ५७२८१५ | |

| भौचर नं | सहकारी संस्थाको नाम | काम | रकम |
|---|---|---|---|
| ५२ | स्वांठी कृषी सहकारी संस्था | ट्रस भवन निर्माण | ५७२८१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१४०</td><td>समावेशी कृषी सहकारी संस्था लि</td><td>ट्रस भवन निर्माण</td><td>६८२५००</td></tr></table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>उपभोक्ता मार्फत सडक कालोपत्रे कार्य<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर विटुमिन डिष्ट्रिव्युटर, विटुमिन व्वाईलर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गतका सडक निर्माण तथा कालोपत्रे गर्ने कार्य उपभोक्ता समितिबाट गराउने गरेको देखियो । उपभोक्ता समितिसंग यस्ता जटिल प्रकृतिका कार्य गर्न दक्ष जनशक्ती तथा ईक्विपमेण्ट समेत उपलव्ध नहुने र कामको गुणस्तरियता समेत कायम गर्न कठिन हुने हुंदा सडक कालोपत्रे जस्ता जटिल प्रकृतीका कार्य उपभोक्ता समिति मार्फत गराउनु उचित देखिएन। केही उदाहरण
<table>
<tr><td>भौचर नं</td><td>उपभोक्ता समिति</td><td>रकम</td></tr>
<tr><td>२३५</td><td>पाल्पाली टोल पस्चिम पक्की सडक निर्माण उ स</td><td>८५५५६३</td></tr>
<tr><td>२३५</td><td>पक्की सडक निर्माण उ स (शान्ति टोल चोक देखि दक्षिण गुल्मेली टोल जाने बाटो)</td><td>८८१३०४</td></tr>
<tr><td>२५७</td><td>वडेरा मिलन टोल पूर्व तिलक पौडेलको घरको बाटो कालोपत्रे</td><td>१५७१४८२</td></tr>
<tr><td>२१७</td><td>सोमनाथ शान्तीपथ सडक कालोपत्रे उपभोक्ता समिति</td><td>८७५५००</td></tr>
<tr><td>२७९</td><td>जुनेली डांडा कवर टोल सडक कालोपत्रे उपभोक्ता समिती</td><td>५६०१४५</td></tr>
<tr><td>२७४</td><td>रमवापुर मा वि सडक कालोपत्रे वि व्लक उपभोक्ता समिति</td><td>५०७७८३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **फरक नर्म्स अनुसार कार्य:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक सम्बन्धी निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत सडक विभागको नर्म्स प्रयोग गरी प्रति इकाई दर रेट निर्धारण गर्नुपर्नेमा पालिकाले फरक नर्म्स (डोलीडार/ भवनको) प्रयोग गरी दर विष्लेषण गरेको देखियो। सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा पि सि सि १:१.५:३ को प्रति घ.मि. दररेट आ.व. २०७८।७९ मा रु.९८३२।०२ हुने देखिन्छ। पालिकाले फरक नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेका कारण धुरकोट फेदी सडक आरसिसि उपभोक्ता समितिसँगको सम्झौता अनुसार प्रति घ.मी. रु.१३४२९।५० का दरले १३३.९० घन मिटर कार्यको भुक्तानी दिएकोले फरक दर रु३५९७।४८ ले हुने रकम रु. ४८१७०२।५७ मा जनश्रमदान बापतको रु.५१११५६।८१ कट्टा गरी रु.४३०५४५।७६ उपभोक्ता समितिलाई बढी भुक्तानी भएकोले पालिकालाई थप व्ययभार परेको रु. | ४३०,५४६ |
| ६३ | | | **ठे नं १३।०७८।७९ सुनवल चौराहाको नाला निर्माण**<br><br>सुनवल चौराहाको नाला निर्माण कार्यको लागि रु४८४३५५६। (मुल्य अभिबृद्धि कर समेत) को लागत अनुमान स्विकृत गरी इ विड मार्फत बोलपत्र आव्हान गरेकोमा ५ वटा ई विड दर्ता भएकोमा प्राविधिक तथा आर्थिक प्रस्तावबाट छनौट भएका निर्माण व्यवसायी सुस्ता कन्स्ट्रक्सन कम्पनी प्रा लि को रु ३४३९९७६। को (लागत अनुमानको तुलनामा २८.९८ प्रतिशत कम) कवोल अंक स्विकृत गरी २०७९।३।२० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७८।१२।२ मा सम्झौता भएको छ । उक्त नाला निर्माण कार्यको २०७९ असार सम्म प्रथम रनिङ विलबाट रु ६१८०७९। भुक्तानी भई वित्तिय प्रगती १७.९६ प्रतिशत देखिएको छ । २०७९ असार २० मा कार्य सम्पन्न नभई पालिकाबाट २०७९।९।३० सम्म म्याद थप भएको देखिन्छ । उक्त ठेक्कामा निर्माण व्यवसायीले कृषी विकास बैकबाट जारी भएको रु ५१५०००। को २०८०।५।१ सम्म म्याद भएको कार्य सम्पादन पेश गरेकोमा पालिकाबाट ठेक्काको म्याद थप गर्दा सम्झौतामा तोकिए बमोजिम कार्य सम्पादन जमानत, पेश्की जमानत र विमाको समेत म्याद थप गराएको देखिएन । कार्य सम्पादन जमानत पेश्की जमानत र विमा समेतको म्याद थप गराई तोकिएको समयभित्र भित्र काम सम्पन्न गर्न निर्माण व्यवसायीबाट वर्क सेडुल लिई सोहि आधारमा काम सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६४ | | | **जग्गा भाडा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.१ | | | सुनवल नगरपालिकाले नगर क्षेत्रमा कृषिको विकास गर्ने हेतुले कृषि ज्ञान केन्द्रको रुपमा विकास गर्ने लक्ष्यका साथ नमुना कृषि फर्म निर्माण तथा संचालन गर्ने प्रयोजनका लागि प्रगति माध्यमिक विद्यालय स्वाठी, सुनवल ९ को १७-१८-६ विगाहा क्षेत्रफल भएको जग्गा वहालको लागि मिति २०७५।१०।२० गते सम्झौता भएको देखियो । नगरपालिका र विद्यालय विच भएको सम्झौतामा उक्त जग्गाको भाडा वार्षिक रु.६०००००। (छ लाख मात्र) रहने र सम्झौता भएको मितिले हरेक ३/३ बर्षमा १०% का दरले भाडा वृद्धि गर्ने गरी २५ (पच्चिस) वर्षको लागि सम्झौता गरेको छ । यसरी वहालमा लिएको जग्गामा पालिकाले उद्देश्य अनुरुपको कुनै पनि नमुना कृषि फर्म निर्माण तथा संचालन गरेको देखिएन । पालिकाले उद्देश्य अनुरुप कार्य सञ्चालन गर्नु पर्दछ अन्यथा नगरपालिकामा दायित्व वढ्ने यस प्रकारको सम्झौतालाई निश्क्रिय गरी यस प्रकारको अनुत्पादक खर्च नियन्त्रण गर्नु पर्दछ । | |
| ६४.२ | | | नगरपालिका र विद्यालय विच भएको सम्झौतामा उक्त जग्गाको भाडा वार्षिक रु.६०००००। (छ लाख मात्र) रहने र सम्झौता भएको मितिले हरेक ३/३ बर्षमा १०% का दरले भाडा वृद्धि गर्ने गरी २५ (पच्चिस) वर्षको लागि सम्झौता गरेको छ । सम्झौता भएको मिति २०७५।१०।२० ले ३ वर्षमा मात्र भाडा वृद्धि गर्न सकिने व्यवस्था रहेको देखिएकोले यस आर्थिक वर्षको फाल्गुन महिनावाट मात्र वढेको भाडा भुक्तानी गर्नु पर्नेमा श्रावण २०७८ बाट नै वढेको भाडा भुक्तानी दिएको देखियो । पालिकाले सम्झौता वमोजिम भाडा वृद्धिहुने समय अगावै वढेको भाडा दिएको छ । मासिक १०% ले हुने रु.५०००। मा भाडा कर कट्टा गरी ७ महिनाको वढी भुक्तानी भएको रु.३१५००। असूल गरी दाखिला गर्नुपर्ने रु.... | ३१,५०० |
| ६५ | ७४५ | २०७९-३-२४ | **शिक्षक क्षमता विकास तालिम**<br><br>खर्चको मापदण्ड सम्वन्धी कार्यविधि, २०७५ मा गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम जस्ता समारोहमा सहभागि र आमन्त्रण गरिएको सवै व्यक्तीहरुको खाजा, खाना खर्च वापत प्रतिव्यक्ति वढीमा रु.२००। खर्च गर्न सकिने व्यवस्था छ । शिक्षक क्षमता विकास कार्यक्रम सम्वन्धी तालिममा कार्यविधिमा भएको भन्दा वढी दरमा खाजा खर्च लेखेको पाईयो । प्रति गोटा रु.४००। दरमा २७९ खाजाको रु.१११६००। शिक्षा तर्फको कार्यक्रम संचालन बापत श्री पशुपती भट्टराईलाई भुक्तानी भएको छ । कार्यविधिमा भएको व्यवस्था वमोजिम प्रति गोटा खाजाको लागि रु.२००। ले हुने जम्मा रु.५५८००। भुक्तानी दिनुपर्नेमा रु.१११६००। भुक्तानी दिएकोले वढी भुक्तानी भएको रकम कार्यक्रम संचालन पछि भुक्तानी लिने श्री पशुपती भट्टराईबाट असूल गरी दाखिला गर्नुपर्ने रु...<br><br>कार्यक्रमको नाम \| तालिम सञ्चालन \| वढी \| परिमा \| रकम \| कैफियत | ५५,८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>अवधि</td><td>दर</td><td>ण</td><td></td><td></td></tr>
<tr><td>कक्षा ८ र ५ को प्रश्नपत्र निर्माण कार्यशाला</td><td>२०७८|१२|१४ र १५</td><td>२००</td><td>७८</td><td>१५६००</td><td>सरस्वती नास्ता पसलको विल संलग्न</td></tr>
<tr><td>लेखा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई</td><td>२०७९|३|२२</td><td>२००</td><td>२९</td><td>५८००</td><td>सरस्वती नास्ता पसलको विल संलग्न</td></tr>
<tr><td>लेखा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई</td><td>२०७९|३|२२</td><td>२००</td><td>३०</td><td>६०००</td><td>सरस्वती नास्ता पसलको विल संलग्न</td></tr>
<tr><td>लेखा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई</td><td>२०७९|३|२३</td><td>२००</td><td>४०</td><td>८०००</td><td>सरस्वती नास्ता पसलको विल संलग्न</td></tr>
<tr><td>अन्तरबिषयक सुद्ध लेखन सम्वन्धी २ दिने कार्यशाला</td><td>२०७९|३|१८ र १९</td><td>२००</td><td>५२</td><td>१०४००</td><td>हट एण्ड कोल्ड रेष्टुरेन्टको विल</td></tr>
<tr><td>अन्तरबिषयक सुद्ध लेखन सम्वन्धी २ दिने कार्यशाला</td><td>२०७९|३|१८ र १९</td><td>२००</td><td>५०</td><td>१००००</td><td>हट एण्ड कोल्ड रेष्टुरेन्टको विल</td></tr>
<tr><td>जम्माः</td><td></td><td></td><td>२७९</td><td>५५८००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>अग्रिम कर<br><br>आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यस्था छ । पालिकाले लागत सहभागितामा सञ्चालन गरेको निम्न योजनाहरुको भुक्तानीमा अनुदान रकमको मात्र कर</td><td>३,२८७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कट्टी गरेको पाइयो । यसरी छुट हुन गएको कर सम्वन्धित संस्थावाट असूल गरी दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>भौ.नः/मिति</th><th>विवरण</th><th>आपुर्तिकर्ता</th><th>कर योग्य रकम</th><th>कट्टि गर्नुपर्ने</th><th>कट्टि भएको</th><th>नपुग कर</th></tr>
<tr><td>२९९-२०७९|१|१३</td><td>पशु पालक कृषकलाई साना यन्त्र वितरण</td><td>आदर्श ट्रेडर्स</td><td>३०४४५८</td><td>४५६७</td><td>३१५०</td><td>१४१७</td></tr>
<tr><td>४१६-२०७९|१|१९</td><td>तरकारी उत्पादनका लागि विउ तथा स्प्रे टंकी</td><td>गोल्डन सप्लायर्स</td><td>४०७८४६</td><td>६११७</td><td>४२४७</td><td>१८७०</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td></td><td>१०६८४</td><td>७३९७</td><td>३२८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कम्प्यूटर तालिम</td><td></td></tr>
<tr><td>६७.१</td><td>५८३</td><td>२०७९-३-१६</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद कार्यको लागि सम्झौता गर्दा आपूर्तिकर्ताले दिने सेवाको पनि ख्याल गर्नु पर्दछ । पालिकाले रामनगर महिला कल्याण केन्द्र सुनवल १२ भूमहीलाई ६ महिने कम्प्यूटर तालिम सञ्चालन गर्नको लागि मिति २०७८।०९।२५ मा दिएको कार्यादेश वमोजिम मिति २०७९।०३।०९ सम्ममा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.२०००००। मा सम्झौता भएको देखियो । समाजिक तथा सामुदायिक कारोवार सम्वन्धी काम गर्ने गरी दर्ता भएको संस्थासँग कम्प्यूटर सम्वन्धी तालिम गराउने विषयमा सम्झौता भएको छ । उक्त संस्थाको कम्प्यूटर विषयमा अध्यापन गराउने उद्धेश्य नभएको साथै उक्त संस्थामा आवश्यक प्रशिक्षक तथा प्रशिक्षण सामग्री पनि भएको नदेखिएको कारण उक्त तालिम अपेक्षाकृत ढंगले पुरा भएको छ भन्ने आधार छैन। सिप तथा क्षमता विकास सम्वन्धी कार्यक्रमहरु उद्धेश्य मेल नहुने संस्थाहरुलाई जिम्मा दिएर पुरा नहुने देखिएकोले यस विषयमा पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६७.२</td><td></td><td></td><td>प्रशिक्षक भत्ताः रामनगर महिला कल्याण केन्द्रले सञ्चालन गरेको ६ महिने कम्प्यूटर तालिममा प्रशिक्षकको भुमिका निर्वाह गरेको</td><td>७६,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भनि श्री दुर्गा भुषाललाई रु.९००००। मा १५ प्रतिशतले हुने कर कट्टि गरी भुक्तानी दिएको छ । निजले कम्प्यूटर प्रशिक्षण दिनको लागि आवश्यक योग्यताको प्रमाण पत्र पेश नगरेकोले उक्त तालिम उद्देश्य अनुरुप पुरा भएको हो भन्ने आधार देखिएन । प्रशिक्षकले ६ महिने आधारभूत कम्प्यूटर तालिममा प्रशिक्षणको भूमिका निर्वाह गर्नको लागि आव्श्यक प्रमाण पेश गर्नु पर्दछ । यसरी तालिममा संलग्न प्रशिक्षकको प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा असूल गर्नुपर्ने रु...</td><td></td></tr>
<tr><td>६७.३</td><td></td><td></td><td>बिजक जारी नगरेकोः आन्तरिक राजस्व कार्यालय वुटवलमा समाजिक तथा सामुदायिक कारोवार गर्ने गरी गैर सरकारी संस्थाको रुपमा दर्ता भएको रामनगर महिला कल्याण केन्द्र सुनवलसंग कम्प्यूटर तालिम सम्वन्धी कार्य गर्न सम्झौता भएको छ । उक्त संस्थाले कर विजक जारी गरेको छैन भने खर्च गरेको विल तथा भरपाई पेश गरेर खर्च माग गरेको देखियो । तालिमका प्रशिक्षकलाई भुक्तानी दिएको पारिश्रमिकमा १५ प्रतिशत कर कट्टि गरी भुक्तानी दिएको तर अन्य विल भरपाईमा अग्रिम कर मात्र कट्टि गरी भुक्तानी दिएकोले वाँकी १३.५ प्रतिशतले हुने रु.११२००। असूल गर्नुपर्ने रु...</td><td>११,२००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षवाट कायम भएको व्यहोरा</td><td></td></tr>
<tr><td>६८.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५(१) मा आन्तरिक लेखापरीक्षणले औल्याएको कैफियत कार्यालयले अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षवाट कायम व्यहोरा अन्तिम लेखापरीक्षणको अवधि सम्म पनि फर्छ्यौट गरेको नदेखिएकोले आन्तरिक लेखापरीक्षणवाट देखिएका निम्नानुसारको व्यहोरा असूल फर्छ्यौट गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६८.२</td><td></td><td></td><td>निम्नानुसारको अनियमित वेरुजू नियमित गर्नुपर्ने रु...
<table>
<tr><th>सि.नः</th><th>शिर्षक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>संघीय हस्तान्तरित पूँजीगत</td><td>महाकवी देवकोटा मा वि कक्षा ११ को ल्याव स्तरोन्नती कार्यको सक्कल विल भरपाई वेगरको भुक्तानी</td><td>११३४७९८</td></tr>
</table></td><td>२,८६०,२१३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>संघीय चालु</td><td>सामी परियोजना अन्तर्गत इन्द्रेणी सामाजिक विकास परियोजनालाई भुक्तानी दिएकोमा खर्च पुष्ट्याईको आधार पेश नभएको भौचर नः ४४ र ११२</td><td>८५२४ ३७</td></tr>
<tr><td>३</td><td>नगरपालिका पूँजीगत</td><td>कान्छी टोल ढल निकास कार्यका लागि सन्दिप के सि लाई भुक्तानी भएकोमा खर्च पुष्ट्याई एवं नगर सभावाट वजेट विनियोजन नभएको देखिएको</td><td>८७२९ ७८</td></tr>
<tr><td>४</td><td>नगरपालिका पूँजीगत</td><td>मोविलाईजेशन पेश्की भुक्तानी गर्दा कार्य प्रगतिको आधारमा दिने नगरेको</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>२८६० २१३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८.३</td><td></td><td></td><td>
असूल हुनुपर्ने भनि निम्नानुसार कायम भएको वेरुजू असूल गरी दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>सि. नः</th><th>वजेट शिर्षक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>संघीय चालु</td><td>जनसेवा मा वि का शिक्षक श्री शारदा थपलियालाई २ ग्रेडको रु.१००७। का दरले मासिक वढी भुक्तानी</td><td>२६१८ २</td></tr>
<tr><td>२</td><td>संघीय चालु</td><td>ज्योती मा वि का शिक्षक श्री रुद्र प्रसाद लामगादेलाई २ ग्रेडको रु.१००७। का दरले मासिक वढी भुक्तानी</td><td>२६१८ २</td></tr>
<tr><td>३</td><td>संघीय चालु</td><td>प्रगति मा वि का शिक्षक श्री सम्झना पन्तलाई २ ग्रेडको रु.१००७। का दरले मासिक वढी भुक्तानी</td><td>२६१८ २</td></tr>
</table>
</td><td>१,२११,९४४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | संघीय चालु | महल पोखरी प्रा वि का शिक्षक श्री राजकिरण अर्याललाई १ ग्रेडको रु.९५४.८ का दरले मासिक वढी भुक्तानी | १२४१२ |
| ५ | संघीय चालु | कक्षा ८ परिक्षा संचालन गर्न रामनगर एकेडेमीले वुझेको रकम फिर्ता दाखिला गर्नुपर्ने | २१०२० |
| ६ | संघीय चालु | कक्षा ८ परिक्षा संचालन गर्न पायनियर इंग्लिस वोर्डिङ्ग स्कुलले वुझेको रकम फिर्ता दाखिला गर्नुपर्ने | २३८२० |
| ७ | नगरपालिका चालु | शिक्षा शाखा प्रमुखले व्यक्तिगत प्रयोजनमा स्कर्पियो भाडामा लिई भुक्तानी भएको रकम असूल गर्नुपर्ने | २०००० |
| ८ | नगरपालिका चालु | भौ नः ३५२ वाट शिक्षा समिति अनुगमन वापत रु.१८६०००। भुक्तानी भएकोमा रु.१६७०००। को मात्र विल भरपाई पेश भएकोले वढी भुक्तानी भएको असूल गर्नुपर्ने | १९००० |
| ९ | नगरपालिका चालु | खर्च पुष्ट्याई वेगर भौ.नः ४७१, ५५५, ५७५, ६३३, ६४५, ६८८, ७६४ र १२८ वाट खर्च लेखेको रकम असूल गर्नुपर्ने | १२१४०३ |
| १० | नगरपालिका पूँजीगत | वौद्ध मार्ग फुलवारी टोल सडक थापा इन्जिनियरिङ्ग कम्पनीलाई भौ नः २७४ वाट भुक्तानीको लागि सिफारिस भन्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने | १७४३४७ |
| ११ | नगरपालिका पूँजीगत | भुमै हाटवजार सिद्धवावा निर्माण तथा ड्यूप ट्यूववेल प्रा लि लाई भौचर नः५२२ वाट वढी भुक्तानी भएको | ४११९२८ |
| १२ | नगरपालिका पूजीगत | सुनवल चौराहा नाला निर्माण भौचर नः ५२९ वाट वढी भुक्तानी भएको | ३२९४६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>जम्माः</td><td>१२११ ९४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
संपरिक्षण<br><br>
सम्परीक्षण यस वर्ष फछ्र्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th>जम्मा</th></tr>
<tr><td>ज्ञा</td><td>०७५।७६</td><td>३३</td><td>मोविलाइजेशन पेश्की</td><td>०</td><td>२७६२०९९</td><td>०</td><td>०</td><td>२७६२०९९</td></tr>
<tr><td>द्द।</td><td>०७४।७५</td><td>१९</td><td>शित भण्डार</td><td>०</td><td>३००००००००</td><td></td><td></td><td>३००००००००</td></tr>
<tr><td>घा</td><td>०७६।७७</td><td>१२।१</td><td>भगवति मावि वनकट्टी</td><td>०</td><td>७०००००</td><td></td><td></td><td>७०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>